कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्डः ७ | संख्याः ४ | मितिः २०८१/१२/४

## भाग – २

### कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

## कलैया उपमहानगरपालिका बिपन्न नागरिक आवास निर्माण सम्बन्धि कार्यविधि, २०८१

**प्रस्तावनाः-** नेपालको संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्न कलैया उपमहानगरपालिका भित्र बसोवास गर्ने विपन्न नागरिकहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि त्यस्ता विपन्न परिवारहरुको लागि आवास निर्माण र हस्तान्तरणको कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले कलैया उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित

गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "कलैया उपमहानगरपालिका विपन्न नागरिक आवास निर्माण सम्बन्धि कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कलैया राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "आवास" भन्नाले कार्यक्रम निर्देशक समितिद्वारा छनौट भएको सेवाग्राहीको जग्गा अवलोकन गरी सो जग्गामा स्वीकृत आवास बनाउनुपर्ने आवास सम्झनु पर्दछ।

(ख) "विपन्न" भन्नाले आफ्नो आर्थिक अवस्था कमजोर भएको, न्यूतम क्यालोरी पूरा हुने गरी खान नपुग्ने, नियमित स्थायी आम्दनीको श्रोत नभएको, आफ्नो आम्दनीले पर्याप्त खान, लाउन, बासको लागी घर बनाउन, शिक्षा र स्वास्थ्य उपचार आदी गराउन नपुग्ने परिवारलाई सम्झनु पर्दछ। र "परिवार" भन्नाले एकासगोलमा बस्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा सम्झनु पर्दछ र सो शब्दले निज आफैले पालन पोषण गर्नु पर्ने हजुरबुबा र हजुर आमालाई समेत जनाउँछ ।

(ग) "कार्यक्रम" यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट कलैया उपमहानगरपालिकाका नागरिकहरुका लागि आवास निर्माण गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा कलैया उपमहानगरपालिकाबाट कार्यान्वयन हुने गरी प्राप्त अनुदान वा उपमहानगरपालिकाबाट विनियोजित सहितको कार्यक्रमलाई समेत जनाउने छ ।

(घ) "कार्यक्रम व्यवस्थापक समिति" भन्नाले दफा १२ बमोजिमको समितिलाई जनाउनेछ।

(ङ) "कार्यपालिका" भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि वमोजिम छनौट भएका लाभग्राही व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(ज) लक्षित वर्ग भन्नाले दफा ३ बमोजिम पहिचान भएका लक्षित वर्गलाई सम्झनु पर्दछ ।

बिनोद प्रसाद साह

(झ) "उपमहानगरपालिका" भन्नाले कलैया उपमहानगरपालिका, कलैयालाई सम्झनु पर्दछ ।

(ञ) " प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको नगर प्रमुखलाई जनाउनेछ।

(ट) "उप प्रमुख" भन्नाले कलैया उपमहानगरपालिकाको नगर उप प्रमुखलाई जनाउनेछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद -२
## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचानः**

(१) यस कार्यक्रमका लागि लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ।

(क) विगत देखि कलैया उपमहानगरपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोवास गर्दै आएको तर,

१. नेपाल सरकारवाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसकने।

२. नेपाल सरकार वा सरकारी निकायको विद्यालय स्वास्थ्य संस्था वा यस्तै सरकारी निकायको स्वामित्वको जग्गामा अतिक्रमण गरी बसोबास गरेका लाभग्रही हुन नसक्ने।

(ख) नेपाली नागरिक भएको,

(ग) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व वुझाएको,

(घ) यस कार्यविधिले अनुदान पाउने भनी तोके वमोजिमको घरमा बसोबास गर्दै आएको र एकाधर परिवारको सदस्यको नाममा अन्यत्र कहिकतै पक्की वा बस्न योग्य घर नभएको,

(ङ) अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत जनजाती, जातीय अल्पसंख्यक वा दलित सुचीमा सूचीकृत भएकालाई प्राथमिकता दिने,

(छ) स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको।

**४. लाभग्रही छनौटको आधारः**

(१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना आव्हान गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्भेक्षण गरिनेछ र देहायको आाधारमा छनौट गरिने छ।

विनोद प्रसाद साह
नगर प्रमुख

(क) वडा कार्यालयबाट सर्भेक्षण गर्दा निवेदक वसोवास गरिरहेको घरको बनौट अनुसार वडाबाट लाभग्राही छनौट गरिनेछ र दफा १२ बमोजिमको समितिमा पेश गर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको लाभग्राहीलाई दफा १२ बमोजिमको समितिले लाभग्राही छनौट गर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम लाभग्राहीको छनौट गर्दा दलित, एकल महिला, अनाथ बालबालिका, वृद्धवृद्धा तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिकता दिईनेछ।

(ङ) सिमान्तकृत जनजाती, अल्पसंख्यक जनजाती वा दलित सुचीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छनौट गर्दा संगोलमा रहेका परिवारले एक मात्र आवास प्राप्त गर्ने छन्।

**५. लाभग्राही मुल्याङ्कनः**

(१) दफा ४ बमोजिम लाभग्राही छनौटको लागि मुल्याङ्कन गर्दा वडाबाट सिफारिस भइ आएका निवेदनहरुलाई कार्यालयले अधिकृत स्तरको कर्मचारीको जिम्मेवारी दिन सक्ने छ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि लाभग्राही मुल्याङ्कन कार्यलाई पुष्टिकरण गर्न दफा १२ बमोजिमको समितिले व्यवस्थापन गर्न सक्ने छ।

**६. लाभग्राहीको सुची :** मुल्याङ्कन सम्पन्न भएको लाभग्राहीहरुलाई दफा १२ बमोजिमको समितिले लाभग्राहीको छनौट गर्नु पर्नेछ ।

**७. बस्ती स्थानान्तरणः** (१) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा बस्ती प्राकृतिक विपद्को दृष्टिले जोखिमयुक्त रहेको भन्ने लागेमा दफा १२ बमोजिमको समितिले बस्ती स्थान्तरणको लागि कार्यपालिकामा सिफारिश गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिश भई आएमा कार्यपालिकाले बस्ती स्थान्तरण गर्न सकिने सम्भावित स्थानको खोजी गरी बस्ती स्थान्तरण गर्न सक्नेछ।

(३) बस्ती स्थानान्तरण सम्बन्धी कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -३

## घर निर्माण तथा लाभग्राहीको योगदान

**८. लाभग्राहीको योगदान र परिचालनः**

(१) लाभग्राहीको नामवाली पश्चात सम्वन्धित वडा कार्यालयको सिफारिशमा उपमहानगरपालिका र लाभग्राही बीच (अनुसूची १) बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

बिनोद प्रसाद ...
नगर प्रमुख



CamScanner

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात आवास निर्माणको व्यवस्था लाभग्राही स्वयंले मिलाउनु पर्नेछ।

(३) लाभग्राही असक्त वा आवास निर्माणको लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन आफै गर्न नसक्ने भएमा उपमहानगरपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

(४) उपमहानगरपालिकाले निर्माण सामग्रीको आपुर्ती र गुणस्तर सुनिश्चित गर्न सामग्रीहरु खरिद गरि लाभग्राहीलाई उपलब्ध गराउन सक्नेछ । यसरी सामग्री उपलब्ध गराँउदा खरिद गर्ने कार्यविधि प्रचलित कानूनले तोके बमोजिमको हुनेछ।

**९. कार्यक्रम कार्यान्वयनः**

(१) कार्यालयले लाभग्रहीको छनौट भईसके पश्चवात दफा ८ बमोजिमको लाभग्राहीहरुसँग सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्न सक्नेछ।

(२) कुनै नागरिकको साविकमा भैरहेको घर मर्मत पश्चात वस्न योग्य रहेछ भने कार्यक्रमले त्यस्ता लाभग्राहीको छुट्टै सूची प्रकाशन गरी घर मर्मत गराईदिने वा मर्मतको लागि सामग्री उपलब्ध गराउन सक्नेछ। यस प्रयोजनको लागि समेत यस कार्यविधिले तोकेको सबै प्रक्रिया पुरा गरेको हुनु पर्नेछ।

**१०. निर्माण सम्पन्न भएको मानिनेः** सम्झौता भए पश्चात शौचालय सहितको वा शौचालय (वाटरशिल) पहिले नै रहेछ भने सो बाहेक सबै आवास एकाई निर्माण भएपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ। तर, यसरी घर निर्माण गराउँदा कुनै एक आवास एकाई निर्माण सम्पन्न भए पछि सोको रकम लाभग्राहीलाई भुक्तानी गर्न यस दफाले बाधा पु-याएको मानिने छैन।

**११. निर्माण सामग्री व्यवस्थापनः**

(१) आवास एकाई निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरु र जनशक्ति उपमहानगरपालिकाले दिने अनुदानबाट खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु खरिद गर्न लाभग्राहीले नसकने भएमा सो खरीद गरी उपलब्ध गराउनका लागि कार्यालयमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लाभग्राहीहरुबाट लेखी आएमा उपमहानगरपालिकाले निर्माण सामग्रीहरु खरीद गरी ढुवानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

विनोद प्रसाद साह
नगर प्रमुख

**परिच्छेद-४**

**समिति सम्बन्धी व्यवस्था**



CamScanner

**१२. कार्यक्रम व्यवस्थापक समितिः**

(१) कार्यक्रम कार्यान्वयन सम्वन्धी आवश्यक नीतिगत तथा कार्यान्वयन सम्वन्धी निर्णय गर्न र आवश्यक व्यवस्था गर्न उपमहानगरपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ङ) उपमहानगरपालिकाले तोकेको इन्जिनियर/ प्राविधिक एक जना - सदस्य

(च) प्रशासन शाखा प्रमुख - सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सिलसिलामा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(घ) कार्यक्रमको सञ्चालन र कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(ङ) कार्यान्वयनमा आएका बाधा अड्काउ फुकाउने,

(च) कार्यक्रममा आवश्यकतानुसार दण्ड गर्नुपर्ने भएमा सोको सिफारिश गर्ने,

(छ) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पूर्वाधार निर्माणका लागि कार्यपालिकामा सिफारिश गर्ने,

(ज) दलित, वृद्धवृद्धा, असंहाय, एकल महिला आदि संरक्षण गर्नुपर्ने लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने,

(झ) कार्यक्रम कार्यान्वयनका सम्वन्धमा अन्य कार्यहरु गर्ने।

विनोद प्रसाद साह
प्रमुख

**१३. अनुगमन सम्बन्धी व्यवस्थाः** यसकार्यक्रमको अनुगमन सम्बन्धित वडाका वडा समिति स्तरीय अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद -५
## विविध

**१४. निर्देशन पालन गर्नुपर्ने :** कार्यक्रम व्यवस्थापक समितिले कार्यक्रम कार्यान्वयनका सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ।

**१५. विवाद समाधानः** कार्यक्रम कार्यान्वयन गराउने निकाय र लाभग्राही समूह वा लाभग्राहीहरु वीच कुनै विवाद उत्पन्न भएमा कार्यक्रम व्यवस्थापक समितिले दिने निर्णय अन्तिम हुनेछ।

**१६. फरफारकः** आवास निर्माण सम्पन्न भईसकेपछि निर्माण भए अनुसार प्राविधिकको निर्माण सम्पन्न सिफारिस अनुसार फरफारक गर्न सकिनेछ । कुनै लाभग्राहीले कारणवश निर्माण कार्य बिचैमा छाड़ेमा निर्माण भएको कार्यको प्रगति हेरी फरफारक गर्न सकिनेछ ।

**१७. बेच विखन गर्न नपाउनेः** लाभग्राहीले निर्माण सम्पन्न भएको दश वर्षसम्म उक्त आवास वेच विखन गर्न पाउने छैन।

**१८. झुठ्ठा विवरण पेश गर्नेलाई कारवाहीः** कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्देश्यले झूठ्ठा विवरण पेश गरी लाभ लिएको वा झूठ्ठा विवरण सिफारिश गरेको ठहर भएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ।

**१९. पूर्वाधार निर्माणः** आवास बनाउने स्थानसम्म भौतिक पूर्वाधारहरु जस्तै संडक, खानेपानी र विद्युत आवश्यकता अनुसार उपमहानगरपालिकाबाट निर्माण गरिनेछ। र उक्त आवासमा जडानका लागी सम्बन्धित वड़ा कार्यालयले आवश्यकतानुसार समन्वय तथा सिफारिस गर्न सक्नेछ।

**२०. अन्य निकायबाट सहयोग वा लागत साझेदारी गर्न सकिनेः**

(१) कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, गैर सरकारी संस्था वा निजी क्षेत्रबाट सहयोग वा लागत साझेदारी गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारी गर्दा गैर सरकारी संस्थासँग भए दफा १२ वमोजिमको कार्यक्रम व्यवस्थापक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय हुनुपर्नेछ।

(३) अन्तर-राष्ट्रिय संस्था/निकाय वा निजि क्षेत्र वा व्यक्तिले लागत साझेदारी गर्न चाहेमा नेपाल सरकारसंग समन्वय र पहल गर्न दफा १२ वमोजिमको कार्यक्रम व्यवस्थापक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी गर्न सकिनेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

**२१. दोहोरो सुविधा नपाउने:**

(१) नेपाल सरकारबाट आवास सुविधा पाएका व्यक्तिले यस कार्यक्रमबाट समेत आवास सुविधा पाउने छैन।

**२२. असुल उपर हुने:** लाभग्राहीले काबु बाहिरको परिस्थिति परेको बाहेक आफ्नो आवास एकाई बनाउन ढिलाई गरे वा बनाउन नसकेको खण्डमा निजको घरघरानाबाट सरकारी सरह असुल उपर गरिनेछ।

**२३. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

बिनोद प्रसाद साह
नगर प्रमुख



CamScanner

## अनुसूची -१

## कलैया उपमहानगरपालिका र लाभग्राही बीच आवास निर्माणका सम्बन्धमा गरिने सम्झौताको ढाँचाः

कलैया उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कलैया, बारा (यसपछि पहिलो पक्ष भनिने) र कलैया उपमहानगरपालिका वडा नं.....................बस्ने...........................का नाति/नातिनी,..........का छोरा बुहारी, कलैया उपमहानगरपालिका मेयर विपन्न आवास कार्यक्रममा दर्ता भएको लाभग्राही दर्तानं........का श्री..............(नागरिकता नं. .....) (यसपछि दोस्रो पक्ष भनिने) बीच आवास एकाई निर्माण गर्ने सम्बन्धमा देहायका शर्तहरुमा मञ्जुर भई निर्माण सम्झौता गरी एक/ एक प्रति बुझि लियौं / दियौं।

१. आवास एकाई निर्माण स्थलः बारा जिल्ला कलैया उपमहानगरपालिका वडानं...टोल.

२. उदश्यः ..... वटा आवास एकाईहरु निर्माण गर्ने

३. कूल लागतः प्रति आवासको रु.......का दरले वटा आवास एकाईहरुको जम्मा रु........

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधिः

(क) शुरू हुने मितिः.......................          (ख) पुरा हुने मिति ..............सम्म

५. खर्च व्यहोने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः.

(ख) लाभग्राहीबाट व्यहोरिने ..

(१) नगदः........          (२) निर्माण सामग्रीः..........

(३) श्रम ........          (४) कूल रकमः............

६. भुक्तानीको ढाँचाः

(क) लाभग्राहीले स्वमं आफ्नो आवश्यकता अनुसारको दुई कोठे भवनको जग खन्ने कार्य पुरा भए पश्चात नगरपालिकावाट प्राप्त रकम रु. ५०००००/-को ३०%ले हुन आउने रकम रु.१५००००/-(पहिलो किस्ता), प्लिन्थ लेभल सम्मको कार्य सम्पन्न भएपछि ४०%ले हुन आउने रकम रु.२०००००/-(दोस्रो किस्ता) र सबै कार्य सम्पन्न भए पश्चात बाँकी ३०%ले हुने रकम रु १५००००/-भुक्तानी हुनेछ यसरी भुक्तानी दिंदा नियमानुसार कर कट्टी हुनेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख

(ख) उपरोक्तानुसार भुक्तानीको लागि कार्यक्रमको इन्जिनियर वा प्राविधिक कर्मचारीको निर्माण सम्पन्न सिफारिस, वडाबाट निर्माण सम्पन्न प्रतिवेदन सहित भुक्तानी सिफारिस र अन्तिम भुक्तानीमा वडा स्तरिय र नगर स्तरिय अनुगमन समितिको अनुगमन प्रतिवेदन अनिवार्य हुनु पर्नेछ ।

(ग) कुनै लाभग्राहीले कुनै आवास एकाई निर्माण सम्पन्न नहुदै निर्माण कार्य छोडेकोमा कार्यक्रम निर्देशक समितिलाई छोड्नु पर्नाको कारण चित्त नबुझेमा खण्ड (क) बमोजिमको भुक्तानी भै नसकेको भए भुक्तानी नहुने र भुक्तानी भैसकेको भए सो समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७. अन्य शर्तहरु:

(क) कार्यक्रमले स्वीकृत गरेको अनुसार गर्नु पर्नेछ ।

(ख) एक शौचालय समेत निर्माण गर्नू पर्नेछ।

(ग) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनु पर्ने भएमा र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ ।

(घ) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राही समूह वा लाभग्राहीहरुले पालना गर्नु पर्नेछ।

८. सम्झौताका पक्षहरु:

| | |
|---|---|
| **कार्यक्रमका तर्फबाट** | **लाभग्राहीहरुको तर्फबाट** |
| प्रमुख प्रशासकिय अधिकृत | नामः |
| नामः | लाभग्रही नं. |
| | लाभग्राहीको ठेगानाः |

विनोद प्रसाद साह
नगर प्रमुख

## अनुसुची-२

## लाभग्राही निवेदन फारम ढाँचा

श्री मान् वडा अध्यक्ष ज्यू                                                    मितिः............

वडा समितिको कार्यालय

वडा नं..............

विषयः- व्यक्तिगत विवरण सम्बन्धमा ।

उप्रोक्त सम्बन्धमा यस निवेदन साथ तपसिलमा उल्लेखित सम्पुर्ण विवरण एवं जानकारीहरु साँचो हुन् उक्त विवरणमा आफै राजि खुसी साथ यथार्थ रुपमा कुनै दवाव बिना दिएको हुँ । यसमा झुठा ठहर भएमा कानून बमोजिम सहुँला, बुझाउँला भनी यो निवेदन विवरणका साथ पेश गरेको छु ।

**तपसिल**

| | |
|---|---|
| १. मेरो व्यक्तिगत विवरणः- | |
| नाम, थरः...................................... | बाबु/पतिको नाम, थरः........................... |
| ठेगानाः जिल्ला.........न.पा....................<br>वडा नं..........गाउँ/टोलः....................... | बाजे/ससुराको नाम, थरः........................<br>सम्पर्क नं................................ |
| २. म सँग उपलब्ध प्रमाणहरुः- | |
| क) नागरिकता/मतदान परिचय पत्रको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| ख) घरको छाना पराल/खर/स्याउला/आसबेसटस आदी आगो पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीबाट छाएको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| ग) गरिबिको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार भएको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| घ) जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाणको प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| ङ) विगत देखि त्यस स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाणको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| च) प्रकोप कारण घरबार बिहिन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| छ) गरिबिको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित वडाको सिफारिसको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| ज) विवरण खुल्ने अन्य कुनै प्रमाण भए सोको प्रमाणित प्रतिलिपि | छ/छैन् ☐ ☐ |
| ३. हाल उपभोग/बसोबास गरिरहेको घरको विवरणः | |
| क) निवेदकले प्रयोग गरिरहेको घरको संख्याः...............परिवार संख्याः................ | |
| ख) घरको लम्बाई.........घरको चौडाई.......घरको क्षेत्रफल.................वर्गफिट | |

CamScanner

| | |
|---|---|
| ४. घरको गारो/पर्खालको किसिम (५०% सम्ममा जे छ त्यसैलाई मान्ने) | |
| क) बाँस, चिरपट/कप्टेरो आदि वा त्यसमा पराल/स्याउलाको टाटी - | ☐ |
| ख) नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी - | ☐ |
| ग) मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/सिमेन्टको जोडाई- | ☐ |
| ५. घरको छानाको किसिमः | |
| क) फुस, आसबेटस, स्याउला, प्लाष्टिक सिट आदि- | ☐ |
| ख) खपडा, टायल- | ☐ |
| ग) ढलान, कर्कटपाता- | ☐ |
| ६. जग्गाको स्वामित्वः | |
| क) लालपुर्जा भएको वा वडाको सिफारिस (स्वाबासी र विवाद रहित जग्गा)- | ☐ |
| ख) नदी/नहर/ताल किनारमा बसोबास गरी रहेको - | ☐ |
| ७. घरमुलीको हकमाः | |
| क. अत्तिविपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमुली लाभग्राही भएका | |
| ख. अन्य | ☐ |

**पेश गर्ने**

सहीः

लाभग्राहीको नामः

मितिः

**सिफारिस गर्ने**

सहीः

वडा अध्यक्षको नामः

मितिः

आज्ञाले

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बिनोद प्रसाद साह

नगर प्रमुख